नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ४८

मितिः- २०८१/०५/०५

ने.सं. ११४४ गुंलागा ०१

विषयः- सत्रौं पुस्तकालय दिवस मनाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ०६, मिति २०८१/०४/२२ को **श्रावण १७ गते सत्रौं पुस्तकालय दिवस, २०८१** मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

(२)

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

पत्र संख्याः- ०८१/०८२
चलानी नं.:- ०६

सिंहदरबार,
काठमाडौं, नेपाल।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

मितिः २०८१।४।२२
ने.सं. ११४४ गुँलाथ्व, २ मङ्गलबार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ५८८
दर्ता मितिः- २०८१/०४/२५

प्रिय सहकारीज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं।

**विषयः सत्रौं पुस्तकालय दिवस, २०८१ मनाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा मिति २०८१ श्रावण २१ गते सत्रौं पुस्तकालय दिवस मनाउन बसेको सरोकारवालाको बैठकबाट केन्द्रमा मन्त्रालयका सचिवको अध्यक्षतामा एक मूल समारोह समितिको गठन गरिएको छ।

दिवसलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् सातवटै प्रदेशका मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् ७५३ ओटै स्थानीय तह एवम् गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, नेपाल नगरपालिका संघलाई, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् ७७ ओटै शिक्षा विकास तथा समन्वय एकाइलाई, विश्वविद्यालय अनुदान आयोगमार्फत् सबै विश्वविद्यालय र उच्च शिक्षा प्रदायक संस्था लगायत पुस्तकालयको विकास र विस्तारमा संलग्न सबै गैरसरकारी संघ, संस्थाहरूमा समेत विविध कार्यक्रम गरी मनाउन अनुरोध गर्ने निर्णय समेत गरेको छ।

स्थानीय तहमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा पुस्तकालय दिवस समारोह समिति गठन गरी कार्यक्रम सञ्चालन गर्ने विगतको परम्परा समेत रहेको सन्दर्भमा यस वर्ष पनि आवश्यकताअनुसार स्थानीय सहभागितामा पठन संस्कृतिको विकासमा सहयोग गर्न विविध कार्यक्रमको आयोजना गर्न ताहाबाट सबै स्थानीय तहमा परिपत्र गरिदिनु हुन तथा मन्त्रालयको वेवसाइटमा समेत राखिदिनु हुन अनुरोध गर्दछु।

दिवसका लागि तय गरिएको आदर्श वाक्य **निरन्तर शिक्षाका लागि पुस्तकालय** रहेको छ।

.....................
डा. दीपक काफ्ले
सचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ११०
दर्ता मितिः- ०८१।४।२०

स्थानीय तह समन्वय शाखा,
पत्राचार गर्नु।
४।२१.